# डोल्पो बुद्ध गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

डोल्पो बुद्ध गाउँपालिका
डोल्पा

कर्णाली प्रदेश

१० असार २०८३

**गाउँसभाका अध्यक्षज्यू,**
**गाउँ सभाका सदस्यज्यूहरु,**

१. डोल्पो बुद्ध गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशनमा आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न पाउँदा खुशीको अनुभूति गर्नुका साथै बजेट घोषणाको यो अद्वितिय पलमा देशको आमूल राजनीतिक तथा सामाजिक परिवर्तनका संवाहक अमर सहिदहरुप्रति उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु ।

२. १६ औ आवधिक योजनाको दीर्घकालीन सोच सामाजिक न्याय,सुशासन र समृद्धिलाई मध्यनजर गर्दै डोल्पो बुद्ध गाउँपालिकाले उपलब्ध स्रोतको अधिकतम् र दीगो परिचालनबाट सम्पूर्ण क्षेत्रको समानुपातिक र समन्यायिक विकासका माध्यमबाट युवा, बालबालिका, ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति लगायत सम्पूर्णमा **"मेरो सरकार स्थानीय सरकार"** भन्ने भावना जागृत गराउने प्रयास स्वरुप आगामी आ.व. को बजेट निर्माण गरेको छु ।

३. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दीगो विकासका लक्ष्यहरु, १६ औ आवधिक योजना,नेपालले राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,गाउँपालिकाको अर्थिक विधेयक २०८३, विनियोजन विधेयक २०८३, गाउँपालिकाको नीति तथा कार्यक्रम, संघीय तथा प्रदेशबाट जारी भएका नीति तथा कार्यक्रमहरु, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, वाल मैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, खाद्य तथा पोषण सुरक्षा, सामाजिक न्याय, संरक्षण, सशक्तीकरण तथा समावेशी विकास लगायतका अन्तरसम्बन्धित विषयहरु, विषयगत समितिहरुको सुझाव, विषय विज्ञहरुका सुझाव, राजनीतिक दलहरु र संघसंस्थाको राय सुझावहरु, गाउँपालिकाबासी दाजुभाई दिदीबहिनीहरुको रचनात्मक सर-सल्लाह सुझावहरुलाई मुख्य आधारका रुपमा लिएको छु ।

४. अब म यस गाउँपालिकाको चालु आर्थिक वर्षको आर्थिक स्थितिको समीक्षा तथा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

| **मिति २०८३ असार ०८ गतेसम्मको डोल्पो बुद्ध गाउँपालिकाको आम्दानी** | |
|---|---|
| शीर्षक | रकम |
| संघीय सरकार वित्तिय समानीकण अनुदान | ६ करोड ३१ लाख ९१ हजार ९ सय ५० रुपैयाँमात्र कुल विनियोजनको ९१.४५ प्रतिशत |
| संघीय सरकार सशर्त अनुदान चालु | ४ करोड २३ लाख रुपैयाँमात्र कुल विनियोजनको ९८.६ प्रतिशत |
| संघीय सरकार विशेष अनुदान | ३२ लाख ८२ हजार ६ सय ७० रुपैया कुल विनियोजनको २६.९१ प्रतिशत |

| | |
|---|---|
| संघीय सरकार सशर्त अनुदान पुँजीगत | २ करोड ६६ लाख ९९ हजार ६ सय ४० रुपैया कुल विनियोजनको ८१.६९ प्रतिशत |
| संघीय सरकार र प्रदेश राजश्वबाँडफाँड (अन्तशुल्क, मु.अ.कर) | ७ करोड १ लाख ९२ हजार ६ सय २७रुपैयाँ ६३ पैसा मात्र । कुल विनियोजनको ८१.३८ प्रतिशत |
| संघीय सरकार समपुरक अनुदान | ० |
| आन्तरिक स्रोत गत आवको अल्या सहित | १ करोड २२ लाख ९३ हजार ७ सय ९९ रुपैयाँ मात्र । कुल विनियोजनको ६३.८१ प्रतिशत |
| प्रदेश सरकार वित्तिय समानीकण अनुदान | ४६ लाख १३ हजार रुपैयाँ मात्र । कुल विनियोजनको १०० प्रतिशत |
| प्रदेश सरकार सशर्त अनुदान चालु | २ लाख ८६ हजार कुल विनियोजनको १०० प्रतिशत |
| प्रदेश सरकार सशर्त अनुदान पुजिगत | १ करोड ९० लाख कुल विनियोजनको १०० प्रतिशत |
| प्रदेश सरकार विशेष अनुदान चालु | ० |
| प्रदेश सरकार समपुरक अनुदान | १३ लाख ९७ हजार १ सय रुपैया कुल विनियोजनको ६.७२ प्रतिशत |
| जम्मा : २४ करोड ३२ लाख ५६ हजार ७ सय ८६ रुपैयाँ ६३ पैसा मात्र । कुल विनियोजनको ७५.१९ प्रतिशत आम्दानी भएको छ । | |

अव म आ.व. २०८२/८३ को खर्च विवरण प्रस्तुत गर्न चाहन्छु । कुल विनियोजित खर्च मध्ये चालु खर्च ५८.१९ प्रतिशत र पूजिगत खर्च १५.८२ प्रतिशत गरी जम्मा ३६.६५ प्रतिशत मात्र खर्च भएको छ ।

आगामी आर्थिक वर्ष २०८३/८४ मा यस डोल्पो बुद्ध गाउँपालिकाको देहायबमोजिमको आम्दानी र खर्च हुने प्रारम्भिक प्रक्षेपण गरेको छु :-

| **आर्थिक वर्ष २०८३/०८४ मा डोल्पो बुद्ध गाउँपालिकाको आम्दानी प्रक्षेपण** | |
|---|---|
| स्रोत | रकम |
| संघीय सरकार वित्तिय समानीकरण अनुदान | ७ करोड ५९ लाख रुपैयाँमात्र । |
| संघीय सरकार सशर्त अनुदान चालु | ४ करोड ४ लाख रुपैयाँमात्र । |

| | |
|---|---|
| संघीय सरकार सशर्त अनुदान पूँजिगत | २३ लाख । |
| संघीय सरकार विशेष अनुदान | १ करोड ३५ लाख रुपैयाँ मात्र । |
| संघीय सरकार समपुरक अनुदान चालु | ५० लाख रुपैयाँ मात्र । |
| संघीय सरकार राजश्व बाँडफाँड | ८ करोड ८२ लाख १४ हजार रुपैयाँ मात्र। |
| प्रदेश सरकार वित्तिय समानीकण अनुदान | ४९ लाख ४१ हजार रुपैयाँ मात्र । |
| प्रदेश सरकार सशर्त अनुदान चालु | ४ लाख ४५ हजार मात्र |
| प्रदेश सरकार सशर्त अनुदान पूँजिगत | १ करोड ६० लाख रुपैयाँ मात्र । |
| प्रदेश सरकार विशेष अनुदान चालु | ५५ लाख रुपैयाँ मात्र । |
| प्रदेश सरकार समपुरक अनुदान | २ करोड ९ लाख रुपैयाँ मात्र । |
| प्रदेश सरकार राजश्व बाँडफाँड | ५ लाख ९० हजार ६ सय ६१ रुपैया पैसा ६० मात्र । |
| आन्तरिक स्रोत | ५७ लाख रुपैयाँ मात्र । |
| अ.ल्या. हुने अनुमानित रकम | २० लाख रुपैयाँ मात्र । |
| जम्मा : **२८ करोड १३ लाख ९० हजार ६ सय ६६ रुपैयाँ ६० पैसा मात्र ।** | |

**गाउँ सभा अध्यक्ष ज्यू,**

**गाउँ सभा सदस्यहरु**

अब म गैह्र सरकारी संघ संस्थाको अनुमानित आम्दानी प्रस्तुत गर्न चाहन्छु ।

**१.भिजन डोल्पो**

क. क्रिष्टल माउन्टेन बहुउद्धेश्यीय भवन निर्माण रु १ करोड ५६ लाख ४३ हजार ३ सय ९० मात्र ।

ख. विद्यालय शैक्षिक कार्यक्रम रु १ करोड ४९ लाख ५८ हजार मात्र

ग. उर्जामा विद्यालयको पहुँच र वातावरण सुधार कार्यक्रम रु ७२ लाख ४० हजार ७ सय ६२ रुपैयाँ ७९ पैसा गरी जम्मा रु ३ करोड ७८ लाख ४२ हजार १ सय ५३ रुपैयाँ २५ पैसा ।

**२. श्री डोल्पो स्थानीय सहयोग संघ :**

क सिद्दार्थ कुला आ.वि. का लागि रु ५७ लाख १ हजार ६ सय ३४ रुपैयाँ मात्र

ख. इन्द्रधनुष आ.वि. रु ४० लाख ५७ हजार ४ सय १९ रुपैयाँ मात्र ।

ग. गाङतेइगा बाल विकास केन्द्र रु ९ लाख ६७ हजार ५ सय ३४ रुपैया मात्र गरी कुल अनमानित बजेट १ करोड १० लाख ८५ हजार ६२ रुपैयाँ मात्र ।

**३. कर्मफलाइटस फाउन्डेसन नेपाल पोखरा**

क. क्रिष्टल माउन्टेन मा.वि.को लागि टेलिस्कोप खरिद तथा एष्ट्रो क्याम्प सञ्चालनका लागि रु १ लाख ५० हजार मात्र ।

४. **छोक्टुल टासी ग्याल्छेन**

क. टाँसी घोमाङ बाल विकस केन्द्र रु १५ लाख ८५ हजार रुपैयाँ मात्र ।

आ.व. २०८३/०८४ मा चालु खर्च तर्फ १६ करोड ९७ लाख ६६ हजार ८ सय ८८ रुपैयाँ ८५ पैसा र पूँजीगत तर्फ १६ करोड २२ लाख ८६ हजार रुपैया खर्च हुने अनुमान गरिएको छ।

**गाउँ सभा अध्यक्षज्यू**
**गाउँ सभा सदस्यज्यूहरु,**

अव म आर्थिक वर्ष २०८३/८४ को कूल अनुमानित आम्दानी गैह्र सरकारी संस्था समेतको अनुमानित रु ३३ करोड २० लाख ५१ हजार ८ सय ८१ रुपैयाँ ८५ पैसा मध्ये देहाय अनुसार क्षेत्रगत वाँडफाँड गरिएको व्यहोरा अवगत गराउन चाहन्छु।

**तपसिल**

| **कूल अनुमानित बजेट** | **३३,२०,५१,८८१.८५** | |
|---|---|---|
| तलब भत्ता र कार्यालय सञ्चालनको लागि आवश्यक रकम | १५ करोड ९९ लाख ४९ हजार ६ सय ६६ रुपैयाँ ६० पैसा | |
| गाउँ गौरवका आयोजनाका लागि आवश्यक रकम प्रशासकीय भवन साझेदारी | १ करोड २० लाख मात्र । | |
| समपूरक कोष संघ प्रदेश | १ करोड २९ लाख मात्र। | |
| पुराना योजना | २५ लाख। | |
| विपद व्यवस्थापन कोष | ३० लाख मात्र। | |
| राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रम साझेदारी | १० लाख ६३ हजार मात्र। | |
| पूर्वाधार निर्माणतर्फ | **९ करोड १७ लाख ७८ हजार** | |

**गाउँ उभा अध्यक्षज्यू**
**गाउँ सभा सदस्यज्यूहरु**
**अब म आ.व. २०८३/०८४ को बजेटका उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१. भौतिक पूर्वाधारको विकासमा समानुपातिक र समन्यायिक विकासको अवधारणा अवलम्बन गर्दै दीगो पूर्वाधार विकासमा जोड दिने ।

२. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्दै सम्पूर्ण गाउँपालिकाबासीलाई स्वस्थ जीवनयापनको वातावरण सिर्जना गर्ने ।

३.अर्थतन्त्रलाई गतिशिल बनाउन स्थानीय उत्पादन र उत्पादकत्वमा जोड दिई उत्पादित वस्तुको बजारीकरण तथा औद्योगिकीकरण गर्ने ।

४. संघ तथा प्रदेश सरकारको बलियो आधारको रुपमा स्थानीय सरकारको भूमिकालाई प्रभावकारी बनाउने ।

५.उपलब्ध स्रोत साधन, श्रम शक्ति, पूँजी र प्रविधिको अधिकतम प्रयोग गरी रोजगारी सिर्जना र गरिबी निवारण गर्ने ।

६.सुशासन, विकास र समृद्धिमा जोड दिदै सार्वजनिक खर्चमा पारदर्शिता,मितव्ययिता र उत्तरदायित्व कायम गरी सरकारी खर्चको उपादेयता बढाउने।

७.कृषि पशुपालन क्षेत्रको उत्पादन, प्रशोधन बजारीकरण गरी कृषकको आयस्तर सुधार गर्ने ।

**अब म आ. व. २०८३/०८४ को बजेटका योजना तथा कार्यक्रमको प्राथमिकीकरण प्रस्तुत गर्न चाहन्छु:-**

क) गुणस्तरीय तथा दीगो भौतिक पूर्वाधार विकासमा जोड,

ख) आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवाको सवलीकरण तथा सुदृढीकरण,

ग) सामाजिक क्षेत्रको विकास तथा सामाजिक सुरक्षा र रोजगारी सिर्जना,

घ) आर्थिक विकास र गरिबी निवारण (कृषि पशु उद्यम र पर्यटन),

ङ) वातावरण संरक्षण,जलवायु परिवर्तन, विपद व्यवस्थापन र स्रोत साधनको दीगो प्रयोग,

च) प्रविधिमैत्री सार्वजनिक प्रशासन र सुशासन ।

**आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा निम्न विधिहरुलाई आधार मानिएको छ :-**

क) राजस्व प्रक्षेपण, राजस्व परामर्श समितिबाट राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी राजस्वको अनुमान र दर सिफारिस,

ख) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण एवम् आन्तरिक र अन्य स्रोतको अनुमान गरी विषय क्षेत्रगत सीमा र मार्गनिर्देशन,

ग) बजेट तथा कार्यक्रम तर्जुमा गरी नीति तथा कार्यक्रम तथा वडागत र विषयगत कार्यक्रमको विश्लेषण आयोजनागत सूची,

घ) गाउँ सभाबाट स्वीकृत नीति तथा कार्यक्रम र कार्यपालिकाबाट पारित गरि पेश भएको आय–व्यय विवरण ।

**गाउँ सभा अध्यक्षज्यू,**

**गाउँ सभा सदस्यहरु**

अब म आगामी आर्थिक वर्षको बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**पूर्वाधार क्षेत्र:-**

पूर्वाधार क्षेत्रतर्फ रु ६ करोड ७५ लाख विनियोजन गरेको छु ।

५. डोल्पो बुद्ध गाउँपालिका,धो,डोल्पाको सुविधा सम्पन्न प्रशासकीय भवन निर्माणका लागि संघीय सरकारसँगको साझेदारीमा रु १ करोड २० लाख बजेट विनियोजन गरेको छु ।

६. संघीय सरकारसँगको साझेदारीमा डोल्पो बुद्ध गाउँपालिका वडा नं ५ को वडा कार्यालय भवन निर्माणका लागि रु २ करोड बजेट विनियोजन गरेको छु।

७. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकहरुको सहज पँहुच अभिवृद्धिका लागि धो स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर स्थापना गर्नका लागि रु ५५ लाख बजेट विनियोजन गरेको छु ।

८. डोल्पो बुद्ध गाउँपालिकाबाट प्रदान गरिने सेवालाई एकीकृत तथा समुदायको प्रत्यक्ष सहभागिता अभिवृद्धि गर्ने अभिप्रायले वडा नं १ मा धो सामुदायिक भवन निर्माणका लागि रु २ करोड बजेट विनियोजन गरेको छु ।

९. गाउँपालिका क्षेत्रमा भएका सडकहरुलाई बर्षभरी नै सहज यातायात पहुँच अभिवृद्धिका लागि वडा नं ६ मा रहेको मेन्धो खोला कल्भर्ट पुल क्रमागत योजना कार्यान्वयनका लागि रु १ करोड बजेट विनियोजन गरेको छु ।

१०. गाउँपालिकामा नयाँ ट्र्याक निर्माणको कार्यलाई न्युनीकरण गर्दै निर्माण सम्पन्न भईसकेका सडक पुर्वाधारलाई दीगो एवम् वातावरणमैत्री हुनेगरी निर्माण गर्न आवश्यक बजेटको प्रवन्ध मिलाएको छु ।

**खानेपानी**

११. खानेपानीको सहज पहुच नभएका वडाहरुमा एक घर एक धारा निर्माण कार्यको विस्तार गर्नुका साथै संचालन भई रहेका आयोजनाहरुको निर्माण सम्पन्न गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१२. खानेपानीको सहज पहुँच पुगेका वडाहरुमा आर्थिक वर्ष २०७९।०८० देखि संचालन भएको एक घर एक धारा कार्यक्रमलाई थप वडाहरुमा विस्तार गर्नका लागि आवश्यक प्रवन्ध मिलाएको छु ।

**वन, वातावरण,विपद,व्यवस्थापन:-**

**गाउँ सभा अध्यक्षज्यू,**

**गाउँ सभा सदस्यहरु**

१३. प्रचलित कानुन बमोजिम जडिवुटी, वन पैदावारको समुचित प्रयोग गर्दै समृद्ध गाउँपालिकाका रुपमा डोल्पो बुद्ध गाउँपालिकाको पहिचान बढाउन तथा गाउँपालिका भित्रका वनहरुलाई व्यवस्थित गर्न स्थानीय कानून बनाई लागू गर्न र सोका लागि आवश्यक वित्तिय प्रवन्ध मिलाएको छु ।

१४. विकास निर्माणका कार्यहरु सञ्चालन गर्नु पूर्व विस्तृत सम्भाव्यता अध्ययन, IEE,EIA **गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।**

१५. **विपद् व्यवस्थापनका लागि कोष** स्थापना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार तथा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) निर्माण गर्नका लागि रु ३० लाख बजेटको प्रवन्ध गरेको छु ।

**सामाजिक विकास क्षेत्र :--**

**आधारभूत स्वास्थ्य तथा सरसफाई**

१६. गैह्र सरकारी सघंस्थको सहयोगमा गाउँपालिकामा रहेका गर्भवति महिला, सुत्केरी आमा तथा बालबालिकाहरुको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार गर्न एकीकृत पोषण कार्यक्रम सञ्चालनको आवश्यक बजेटको लागि समन्वय गरेको छु।

१७. **"गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा, स्थानीय सरकारको प्रतिबद्धता"** भन्ने मुल नारालाई निरन्तरता दिदै मौलिक हकका रुपमा रहेको आधारभूत स्वास्थ्यमा निःशुल्क पहुँच कार्यान्वयनका लागि सम्पूर्ण स्वास्थ्य संस्था तथा आधारभुत स्वास्थ्य केन्द्रहरुको सुदृढीकरणका लागि आवाश्यक बजेट व्यवस्था गरेको छु ।

१८. डोल्पो बुद्ध गाउँपालिकाबाट वितरण हुँदै आएका आधारभुत तथा अत्यावश्यक औषधि औषधिको मूल्य, गुणस्तर र परिमाणको बारेमा निरन्तर अनुगमन गर्दै सबै स्वास्थ्य संस्थामा निशुल्क उपलब्ध हुने व्यवस्था गरेको छु

१९. गाउँपालिकामा भएका स्वास्थ्य चौकीहरुको स्तरोन्नती गर्दै ल्याव सेवाको सुदृढीकरण गर्दै एक्सरे, टेलिमेडिसिन सेवा लगायत आधुनिक उपचार पद्दतिको व्यवस्थापन तथा कार्यान्वयन गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने प्रवन्ध मिलाएको छु ।

२०. सफा र स्वच्छ डोल्पो बुद्ध निर्माण गर्नका लागि फोहोरमैलाको उत्पादन स्थलमै वर्गीकरण गरी यसको वैज्ञानिक व्यवस्थापनका लागि आवश्यक प्रवन्ध मिलाएको छु ।

२१. महिलामा देखिने प्रजनन स्वास्थ्य समस्याहरु, आङ्ग खस्ने, पाठेघरको मुखको क्यान्सर लगायतको रोगको उपचारका लागि संघीय सरकार तथा प्रदेश सरकारको सहकार्यमा स्वास्थ्य शिविर संचालन गर्ने व्यवस्था मिलाएको छु ।

२२. **"रोग निवारणका लागि आयुर्वेद (आम्ची) र योग"**भन्ने नारा सहित आयुर्वेद तथा योग पद्धतिलाई अनुशरण गर्ने परम्पराको विकास गर्न आयुर्वेद (आम्ची) को लागि आवश्यक पर्ने वनस्पति तथा जडिवुटिजन्य औषधि खरिद गर्न रु १० लाख बजेट विनियोजन गरेको छु ।

२३. संस्थागत डेलिभरीलाई प्रोत्साहन गर्न प्रत्येक आमाहरुलाई विशेष प्रोत्साहनका कार्यक्रम संञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२४. महिला स्वास्थ्य स्वंयमसेविकाहरुलाई परिचालन गरी स्वास्थ्य सेवामा आम नागरिकको प्रत्यक्ष सहभागिता अभिवृद्धि गर्न यातायात खर्च र प्रोत्साहन खर्चको व्यवस्था गरेको छु ।

२५. संघीय सरकारसँगको साझेदारीमा पोषणमैत्री स्थानीय तह घोषणा गर्नका लागि आवश्यक बजेटको प्रवन्ध गरेको छु ।

**<u>शिक्षा,युवा तथा खेलकुद विकास :-</u>**

**गाउँ सभा अध्यक्षज्यू,**

**गाउँ सभा सदस्यहरु**

२६. गाउँपालिकाका सामुदायिक विद्यालयलाई पूर्वाधार र प्रविधिमैत्री बनाउन संघीय सरकारको साझेदारीमा आवश्यक बजेट विनियोजन गरेको छु ।

२७. हिमाली क्षेत्रमा हिमपात तथा चिसो मौसमका कारण विद्यालय संचालन हुने अवधि न्युन हुने भएकोले विद्यार्थीलाई समुदायमै अध्ययन गराउनको लागि वैकल्पिक शिक्षा संचालन गर्ने व्यवस्था मिलाएको छु ।

२८. कृषि, पशु, ईन्जिनियरीङ, स्वास्थ्य लगायत प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई उच्च शिक्षा **छात्रवृत्ति कार्यक्रम**का माध्यमबाट छात्रवृत्ति उपलब्ध गराइने व्यवस्था मिलाएको छु ।

२९. **एक टोल एक युवा क्लब, एक वडा एक बाल क्लब** गठन गरी प्रत्येक टोलमा खेलकुदका गतिविधिहरु संचालन गर्न सामाग्री सहयोग तथा बाल क्लब तथा युवा क्लबलाई सामाजिक विकासका कार्यमा सहभागी गराई प्रोत्साहित गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३०. विद्यालयहरुमा शिक्षण पद्दतिलाई सुधार गर्न विद्यालयमा प्रदान गर्दै आएको विभिन्न प्रकारका अनुदान तथा भौतिक पुर्वाधार विकासलाई निरन्तरता दिइनेछ ।

३१. सरकारी सेवामा स्थायी प्रवेशका लागि लोकसेवा आयोगको परीक्षाको तयारी तथा अध्ययन गर्न चाहने विद्यार्थीलाई सहयोग गर्न आवश्यक प्रबन्ध मिलाएको छु ।

३२. विद्यालय जाने उमेर समुह बाहेकका गाँउवासीलाई लक्षित गरी संचालन भई रहेको अनौपचारिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु ।

३३. विद्यार्थिहरुको टिकाउदर अभिवृद्धि गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि इन्द्रधनुष आ.वि छात्रावास निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३४. सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गरी शैक्षिक गुणस्तर अभिवृद्धिका लागि स्वीकृत गुरुयोजनाका आधारमा विद्यालय पूर्वाधार विकासका लागि बजेट विनियोजन गरेको छु ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण :-**

३५. "**हामी सबैको रहर सबै प्रकारका विभेदमुक्त डोल्पो बुद्ध** "भन्ने नारालाई व्यवहारमा कार्यान्वयन गर्न लैङ्गिक, जातजातीय तथा सामाजिक विभेदलाई पूर्ण रुपमा उन्मुलन गर्ने र दलित, उत्पीडित तथा पिछडिएका अल्पसंख्यक समुदायको आर्थिक सामाजिक उत्थानका कार्यक्रमहरुलाई निरन्तरता दिन र बाल विवाहको अन्त गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

**आर्थिक विकास क्षेत्र**

**कृषि विकास :-**

**गाउँ सभा अध्यक्षज्यू,**

**गाउँ सभा सदस्यहरु**

३६. **उच्च मूल्य र पौष्टिक तत्वले भरीपूर्ण धर्तीको अमृत** डालेचुक (Sea buckthorn) को संरक्षण र प्रवर्द्धन गर्नका लागि रु २० लाख बजेटको व्यवस्था गरेको छु ।

३७. खाद्य सुरक्षा तथा पोषणमा सुधार गर्न तरकारी बालीको बिउबिजन खरिद वितरण कार्य गर्न र ग्रीन हाउस भित्र वेमौसमी तरकारी खेती प्रवर्द्धन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३८. खाद्य तथा पोषण सुरक्षालाई सुधार एवं बजारीकरणमा समेत टेवा पुर्याउने उद्देश्यले रैथाने बालीको उत्पादन तथा प्रवर्द्धनमा साझेदारी गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३९. वास्तविक कृषकको तथ्याङ्क संकलन गरी सोही आधारमा कृषकको वर्गीकरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**पशु विकास** :-

४०. पशुपंक्षीको लागि आवश्यक औषधि तथा आईभरमेटीन लगायत आवश्यक खोप खरिद गर्न र शिविर संचालनका लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।

४१. पशुपालक कृषकलाई नजिकवाट सेवा प्रवाह गर्न स्थानीय स्तरमा संघीय सरकारको साझेदारीमा च्याङ्ग्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४२. पशुपालन पेशालाई, जंगली हिंस्रक जनावरको आक्रमणबाट बचाउन, हिमपात र चिसोबाट बचाई उत्पादकत्व वृद्धि गर्न खर्क/ पाटनहरुमा गोठ निर्माण गर्न वडाहरुको आवश्यकताका आधारमा माग बमोजिम बजेटको प्रवन्ध मिलाएको छु ।

**उद्योग, पर्यटन र रोजगारी सिर्जना** :-

४३. नयाँ लघु उद्यमी सिर्जना गर्ने, उद्यम सञ्चालन गर्ने, उद्यम सिप विकास तालिम प्रदान गर्नको साथै प्रविधि हस्तान्तरण मार्फत उद्यम सञ्चालन गर्न उद्यमीहको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४४. भौतिक र अभौतिक सम्पदालाई समेटी **पर्यटन गुरुयोजना** निर्माण गरी पर्यटन प्रवर्द्धन गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**सार्वजनिक प्रशासन र संस्थागत विकास**

४५. सामाजिक सुरक्षा भत्तालाई पारदर्शी र सहज ढङ्गबाट उपलब्ध गराउन स्थानीय बैंङ्कसँग समन्वय गर्दै थप व्यवस्थित गर्ने प्रणालीको व्यवस्था मिलाएको छु । अशक्त ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई बैंङ्किङ प्रणाली मार्फत घरमै सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था मिलाएको छु।

४६. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको सदुपयोग गर्दै सहज, पारदर्शी र प्रविधिमैत्री बनाउने व्यवस्था गरेको छु ।

४७. न्यायिक समितिको सबलीकरण गरी स्थानीय तहबाटै मेलमिलापको माध्यमबाट निराकरण गर्न सकिने मुद्दा मामिलाहरुको छिटो छरितो फछ्र्यौट गर्ने प्रणालीको विकास र मेलमिलापकर्ताहरुको क्षमता विकासका कार्यक्रमका लागि बजेटको व्यवस्था सुनिश्चित गरेको छु ।

४८. संघीय सरकार र प्रदेश सरकारले राष्ट्रसेवक कर्मचारीहरुका निम्ति व्यवस्था गरेको सेवा सुविधा बमोजिम हुने गरी आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४९. बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने आदरणीय गाउँपालिका अध्यक्ष र सम्पूर्ण गाउँसभा सदस्यज्यूहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाको क्रममा उपयोगी सुझाव प्रदान गर्नुहुने कर्मचारी, राजनीतिक दल, सहकारी क्षेत्र, निजी क्षेत्र, आम नागरिक तथा संचार क्षेत्रलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । बजेट कार्यान्वयनमा सबैको रचनात्मक सहयोग रहने अपेक्षा गरेको छु ।

धन्यवाद ।

पेम्माधोर्चे गुरुङ<br>
उपाध्यक्ष<br>
डोल्पो बुद्ध गाउँपालिका, धोडोल्पा<br>
मिति २०८३ असार १० गते सोमवार

**विषय क्षेत्र अनुसार बजेट सीमा निर्धारण ढाँचा**

| शाखा/वडा | आर्थिक विकास | सामाजिक विकास | पूर्वधार विकास | वन,वातावरण तथा विपद व्यवस्थापन | सुशासन तथा संस्थागत विकास |
|---|---|---|---|---|---|
| प्रशासन,योजना तथा अनुगमन | | | | | |
| शिक्षा | | ७००० ००० | | | १०००००० |
| स्वास्थ्य तथा सरसफाइ | | | २५०००००<br>धोस्वास्थ्यचौकीव्यवस्थापन | | १००००००औषधीखरिद |
| महिला,बालबालिका र लक्षित वर्ग | | | | | |
| युवा र खेलकुद,कला तथा संस्कृति | | | | | |
| पूर्वधार विकास | | | | | ५००००००पुँजीगतअनुसन्धान तथापरामर्सखर्च |
| वातावरण तथा विपद व्यवस्थापन | | | | | |
| कृषि विकास तथा प्रसार | १५००००० कृषिविकास कार्यक्रमतर्फ | | | | |
| पशु विकास तथा प्रसार | १५००००० पशुविकासकार्यक्रमतर्फ | | | | |
| उद्योग तथा पर्यटन र | | २००० ०००सेमे | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| सहकारी | | ला | | | |
| नीति तथा कनून | | | | | |
| वडा समितिको कार्यालय | | | | | |
| कार्यक्रम खर्च | | | | | २०००००० रा पसिविरलगायत कार्यक्रम |
| विविध पूँजिगत खर्च | | | १८००००० | | |

## वडागत आयोजनाको बजेट सीमाको ढाँचा

| वडा नम्बर | जनसङ्ख्या (३०%) | क्षेत्रफल (२०%) | पूर्वाधार विकासको अवस्था (२०%) | राजस्व परिचालनको अवस्था (२०%) | लागत सहभागिताको अवस्था (१०%) |
|---|---|---|---|---|---|
| १ | 3740 | | | | |
| २ | 1000 | | | | |
| ३ | 4560 | | | | |
| ४ | 2340 | | | | |
| ५ | 3960 | | | | |
| ६ | 4400 | | | | |
| जम्मा | **20000** | | | | |